# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेश अन्तर्गतका प्रदेश मन्त्रालय र स्थानीय तहका विभिन्न सेवा, समूहका प्राविधिक (स्वास्थ्य सेवा बाहेक) तर्फका चौथो तहका पदहरूको**

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ८२/०७८-७९ प्रकाशन मितिः२०७८/०९/१२**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम प्रदेश मन्त्रालय तथा स्थानीय तहमा रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षावाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार प्रदेश तथा स्थानीय तह तोकी सिफारिस गरिनेछ। यसरी सिफारिस भएका उम्मेदवारहरूलाई प्रदेश तथा सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त, तलव तथा अन्य सुविधा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिम हुनेछ।

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५० /०७८-७९ | खुला | अमिन | ४ | इञ्जिनियरिङ | सर्भे | | ३ | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | मन्थली नगरपालिका , रामेछाप | १ |
| | | | | | | | | | सुनकोशी गाउँपालिका, सिन्धुली | १ |
| २ | ५५१ /०७८-७९ | खुला | असिष्टेन्ट सब इञ्जिनियर | ४ | इञ्जिनियरिङ | सिभिल | | २० | चौरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक | १ |
| | | | | | | | | | नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक | १ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | राप्ती नगरपालिका, चितवन | १ |
| | | | | | | | | | कालिन्चोक गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | बैतेश्वर गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | २ |
| | | | | | | | | | गल्छी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | ज्वालामूखी गाउँपालिका, धादिङ्ग | २ |
| | | | | | | | | | बेलकोटगढी नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | २ |
| | | | | | | | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | कमलामाई नगरपालिका, सिन्धुली | २ |
| | | | | | | | | | दुधौली नगरपालिका, सिन्धुली | १ |
| ३ | ५५२ /०७८-७९ | महिला | असिष्टेन्ट सब इञ्जिनियर | ४ | इञ्जिनियरिङ | सिभिल | | १२ | चौरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक | १ |
| | | | | | | | | | नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक | १ |
| | | | | | | | | | राप्ती नगरपालिका, चितवन | १ |
| | | | | | | | | | बैतेश्वर गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | गल्छी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | ज्वालामूखी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | बेलकोटगढी नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | | | | | | | कमलामाई नगरपालिका, सिन्धुली | १ |
| | | | | | | | | | दुधौली नगरपालिका, सिन्धुली | १ |
| ४ | ५५३ | आ.ज. | असिष्टेन्ट सब | ४ | इञ्जिनियरिङ | सिभिल | | २ | कमलामाई नगरपालिका, सिन्धुली | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | /०७८-७९ | | इञ्जिनियर | | | | | | ज्वालामूखी गाउँपालिका, धादिङ्ग | १ |
| ५ | ५५४ /०७८-७९ | दलित | असिष्टेन्ट सब इञ्जिनियर | ४ | इञ्जिनियरिङ | सिभिल | | १ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | १ |
| ६ | ५५५ /०७८-७९ | खुला | खा.पा.स.टे. | ४ | इञ्जिनियरिङ | सिभिल | स्यानिटरी | ३ | इन्द्रसरोवर गाउँपालिका, मकवानपुर | १ |
| | | | | | | | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | सुनापति गाउँपालिका, रामेछाप | १ |
| ७ | ५५६ /०७८-७९ | खुला | नायब प्राविधिक सहायक | ४ | कृषि | माटो विज्ञान | | २० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | वागवनी | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | वाली संरक्षण | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | वाली संरक्षण | | | कालिका नगरपालिका, चितवन | १ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | मेलुङ गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | गल्छी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | ३ |
| | | | | | | | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | सुनकोशी गाउँपालिका, सिन्धुली | २ |
| ८ | ५५७ /०७८-७९ | महिला | नायब प्राविधिक सहायक | ४ | कृषि | माटो विज्ञान | | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | वागवनी | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | | | | | | | सुनकोशी गाउँपालिका, सिन्धुली | १ |
| ९ | ५५८ /०७८-७९ | आ.ज. | नायब प्राविधिक सहायक | ४ | कृषि | | | १ | रामेछाप नगरपालिका, रामेछाप | १ |
| १० | ५५९ /०७८-७९ | खुला | नायब पशु सेवा प्राविधिक | ४ | कृषि | ला.पो.डे.डे. | | २६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | ४ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | २ |
| | | | | | | | | | लिखु तामाकोशी गापा, रामेछाप | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | कृषि | भेटेरिनरी | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | २ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | कालिन्चोक गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | मेलुङ गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | गल्छी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | लिखुतामाकोशी गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| ११ | ५६० /०७८-७९ | महिला | नायब पशु सेवा प्राविधिक | ४ | कृषि | ला.पो.डे.डे. | | ९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक | | | भेटेरिनरी | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | मेलुङ गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| १२ | ५६१ /०७८-७९ | आ.ज. | नायब पशु सेवा प्राविधिक | ४ | कृषि | ला.पो.डे.डे. | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| १३ | ५६२ /०७८-७९ | मधेसी | नायब पशु सेवा प्राविधिक | ४ | कृषि | ला.पो.डे.डे. | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| १४ | ५६३ /०७८-७९ | खुला | नायब प्राविधिक सहायक | ४ | कृषि | मत्स्य | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| १५ | ५६४ /०७८-७९ | महिला | नायब प्राविधिक सहायक | ४ | कृषि | मत्स्य | | १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश | १ |
| १६ | ५६५ /०७८-७९ | खुला | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | ६ | विगु गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | थाक्रे गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | कैलाश गाउँपालिका, मकवानपुर | १ |
| | | | | | | | | | दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |

**परीक्षाको किसिम** : लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि रु. ६००। -(छ सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. २००/-(दुई सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय

समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि** : अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ।
अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/१०/०२ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/१०/०९ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका पदहरूको हकमा २०७८/१०/०२ गते सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : प्रदेश सरकार तथा स्थानीय तहको प्रचलित कानून बमोजिम।

**तलब तथा सेवा सुविधा** : प्रदेश सरकार तथा स्थानीय तहको प्रचलित कानून बमोजिम।

- **लिखित परीक्षा कार्यक्रम:**

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय | |
|---|---|---|---|---|
| | | | प्रथम चरण | |
| | | | प्रथम पत्र | द्वितीय पत्र |
| ५५०/०७८-७९ (खुला) | अमिन/इञ्जिनियरिङ/सर्भे | ४ | २०७८/१२/०७ गते अपरान्ह ४:३० बजे | |
| ५५१-५५४/०७८-७९ (खुला तथा समावेशी) | असिष्टेन्ट सब इञ्जिनियर/इञ्जिनियरिङ/सिभिल | ४ | २०७८/१२/०९ गते अपरान्ह ४:३० बजे | |
| ५५५/०७८-७९ (खुला) | खा.पा.स.टे./इञ्जिनियरिङ/सिभिल/स्यानिटरी | ४ | २०७८/१२/१० गते अपरान्ह ४:३० बजे | |
| ५५६-५५८/०७८-७९ (खुला तथा समावेशी) | प्रा.स./कृषि/बागबानी/बाली संरक्षण/माटो विज्ञान | ४ | २०७८/१२/१४ गते अपरान्ह ४:३० बजे | |
| ५५९-५६२/०७८-७९ (खुला तथा समावेशी) | प.स्वा.प्रा./प.से.प्रा./कृषि/भेटेरिनरी/ला.पो.डे.डे. | ४ | २०७८/१२/१६ गते अपरान्ह ४:३० बजे | |
| ५६३-५६४/०७८-७९ (खुला) | प्रा.स./कृषि/मत्स्य | ४ | २०७८/१२/२१ गते अपरान्ह ४:३० बजे | |
| ५६५/०७८-७९ (खुला) | स.म.वि.नि./विविध | ४ | २०७८/१२/२६ गते बिहान ११:०० बजे | २०७८/१२/२६ गते अपरान्ह १:०० बजे |

<u>आवश्यक न्यूनतम शैक्षिक योग्यता (खुला तथा समावेशीको लागि)</u>

**इञ्जिनियरिङ्ग/सर्भे/अमिनः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम उत्तीर्ण गरेको"

**इन्जिनियरिङ्ग/सिभिल/असिष्टेण्ट सब इञ्जिनियरः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस मा कम्तिमा .ई.ई.वा सो सरह उत्तीर्ण गरी वा एस .सी.एल."सी" ग्रेड प्राप्त गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टीकोर्ष उत्तीर्ण .सी.एल.एस. गरेको वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस ई मा कम्तीमा.ई. "सी" ग्रेड प्राप्त"

**इञ्जिनियरिङ्ग/सिभिल/स्यानिटरी/खा.पा.स.टे.:-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस ई परीक्षामा कम्तीमा.ई.सी वा सो सरह उत्तीर्ण गरी वा एस.एल."सी" ग्रेड प्राप्त गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस मा कम्तीमा .ई.ई."सी" ग्रेड

प्राप्त"

**कृषि/प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग/नायब प्राविधिक सहायक वा सो सरहः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टि.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तीमा "सी" ग्रेड वा टि.एस.एल.सी. उत्तीर्ण"

**कृषि/भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट/नायब प्राविधिक सहायक वा सो सरहः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी वा एस.ई.ई. मा न्यूनतम "सि" ग्रेड प्राप्त गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण"

**कृषि/मत्स्य/नायब प्राविधिक सहायक वा सो सरहः-**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी वा एस.ई.ई. मा न्यूनतम "सि" ग्रेड प्राप्त गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण"

**विविध सेवा/सहायक महिला विकास निरीक्षक-**"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त"

<u>खुला/समावेशी परीक्षाको लागि विशेष सूचना</u>

१. प्रचलित निजामती सेवा तर्फका पदहरूको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्य उम्मेदवारले रोजेर बाँकी भएको स्थानको पदमा सिफारिस गरिनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

४. स्थायी वहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

५. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

६. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

७. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

८. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

९. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

१०. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

११. यस सूचना बमोजिम तोकिएको माग पदको सङ्ख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।

१२. दरखास्त बुझाउने अन्तिम मिति २०७८/१०/०२ गतेसम्म बागमती प्रदेशका प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

<u>समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन</u>

परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

१. <u>आदिवासी/जनजातिका हकमाः</u> नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

२. <u>मधेसीका हकमाः</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

३. <u>दलितका हकमाः</u> राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।